# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## छेडागाड नगरपालिका
## जाजरकोट





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## छेडागाड नगरपालिका

## जाजरकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## छेडागाड नगरपालिका

जाजरकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण निर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ६८

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
छेडागाड नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
जाजरकोट ।

**कैफियत सहितको राय**

हामीले छेडागाड नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१० करोड ११ लाख ७४ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२१ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.५ करोड १७ लाख ९० हजार, नियमित गर्नुपर्ने रू.४ करोड ६४ लाख ७५ हजार र पेश्की रू. ७ लाख ७९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.८ करोड ६३ लाख ३० हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ७५ लाख ४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(.........................)

नायब महालेखापरीक्षक

छेडागाड नगरपालिका, जाजरकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | १०६ | १०११७४ | ० | ० | ० | ५३ | १०६ | १०११७४ | २१३० | ४६४७५ | ५१७९० | ० | ० | ९८२६५ | ७७९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| छेडागाड नगरपालिका जाजरकोट | ८६३३० | ० | ० | ८६३३० | ० | १०११७४ | १८७५०४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : छेडागाड नगरपालिका, जाजरकोट , छेदागढ नगरपालिका , जाजरकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ganga Bahadur Rokaya | २०७८-२-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Khem Raj Sharma | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १०१,१७४,०६४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,१९,७२,९१५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५४,७७,३९,२०८ | **चालु खर्च** | ४८,०५,३४,५५५ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,७७,४६,८४८ | **पूँजीगत खर्च** | २३,११,८३,१७७ |
| **राजश्व बाँडफाँट** | १०,८५,५६,०६८ | **वित्तीय/अन्य व्यवस्था** | १८,२६,०८,६३९ |
| **आन्तरिक आय** | ६४,८१,५५८ | | |
| **अन्य आय** | १८,२२,९४,८९३ | | |
| **कुल आय** | ९०,२८,१८,५७५ | **कुल खर्च** | ८९,४३,२६,३७१ |
| **बाँकी मौज्दात** | | ४,०४,६५,११९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी पालिकामा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस छेडागाड नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु छेडागाड नगरपालिकाको उद्देश्य रहेको छ । यस छेडागाड नगरपालिका अन्तर्गत १३ वडा, ६८ सभा सदस्य, २८४.२०वर्ग किलोमिटर क्षेत्रफल तथा ३५ हजार २ सय ९५ जनसंख्या रहेको छ । लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।८।२३ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **संचित कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सिन | आयतर्फ | | सि नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत बर्षकोजिम्वेवारी | ०. | १ | चालुतर्फको खर्च | ४८०५३४५५५. |
| | (क) नगद | ० | २ | पूजिगतखर्च | २३११८३१७७. |
| | (ख) बैंक | ३१९७२९१४.७५ | ३ | शसर्तअनुदान फिर्ता | ०. |
| २ | प्रकोपव्यवस्थापन कोष बैंक बाँकी | १७६९१९७.९१ | ४ | धरौटीफिर्ता | १२१२९१८. |
| ३ | राजस्वआन्तरिक आय | ० | ५ | प्रकोपनियन्त्रण कोष खर्च | ३७५७३६०. |
| | (क)आन्तरिकराजस्व | ६४८१५५७.५४ | ६ | मौज्दातबाँकी | ०. |
| | (ख) राजस्वबाँडफाँड | ० | | (क) बैंकमौज्दात संचितकोष | १६४८७९२४.३५ |
| | (ग) अन्य | ० | | (ख) चालुखर्च खाता बैंक बाँकी | १७५५१११४. |
| ४ | वित्तियहस्तान्तरण | ० | | (ग) पुजिगतखर्च खाता बैंक बाँकी | ४७३९८२६. |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | (क)वित्तिय समानिकरण | ११८४००००.०० | | (घ) धरौटीमौज्दात बाँकी | १२५७०८४. | | |
| | | | | | (ख) राजस्वबाँडफाँडबाट प्राप्त आय | १०७४५७४५५.७३ | | (ङ) प्रकोपनियन्त्रण कोष बैंक बाँकी | ११८३७.९१ | | |
| | | | | | (ग) शसर्तअनुदान | ४०७११३०००.०० | | प्रकोपनियन्त्रण कोष खर्च कर बाँकी | ०.०० | | |
| | | | | | (घ) समपुरकअनुदान | २२६०१४९.०० | ७ | विविध खर्च खाता बैंक बाँकी | ४१७३३२.५ | | |
| | | | | | (ङ) विषेशअनुदान | १९९६६०५९.०० | ८ | विविध खर्चखाताको खर्च कर बाँकी | ० | | |
| | | | | ५ | प्रदेशसरकारबाट प्राप्त अनुदान | ०.०० | ९ | विविध खर्चखाताको खर्च | १५४३६७२. | | |
| | | | | | (क)वित्तिय समानिकरण | १२५९००००.०० | १० | विविध खातामा दाखिला बढी रकम फिर्ता नेपाल सरकार | २२४८९२. | | |
| | | | | | (ख) शसर्तअनुदान | ३७३३५२११.०० | ११ | सामाजिकसुरक्षा तथा संरक्षण | १३११२०३५२.०० | | |
| | | | | | (ग) समपुरकअनुदान | १९९१०३७.०० | १२ | गरिवसंगविषेश्वर कार्यक्रम | ९३६७८०.०० | | |
| | | | | | (घ) विषेशअनुदान | ५८३०६००.०० | १३ | एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | १३६३५०००.०० | | |
| | | | | | (ङ) राजस्वबाँडफाँडबाट प्राप्त | १०९८६१२.३३ | १४ | मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम(३०१००१०२४) | २८७७२६६५.०० | | |
| | | | | ६ | हेल्भेटासबाटप्राप्त आय | ०.०० | १५ | मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम(३०१००१०२३) | १०५०००.०० | | |
| | | | | | विविधकोषमा बैक मौज्दात | १२५१४३५.५० | | आन्तरिक मामिला तथा कानुम मन्त्रालय(३१४०००११३) | ८०००००.०० | | |
| | | | | ७ | विविधकोषमा प्राप्त आय | ९३४४६१.०० | १६ | सामाजिकविकास मन्त्रालय(३५००००११३) | ५०००००.०० | | |
| | | | | ८ | गत बर्षकोधरौटी मौज्दात बाँकी | १८४२५४७.०० | | | ०.०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | यस आवमाप्राप्त धरौटी | ६२७४५५.०० | | | ०.०० | |
| | | | १० | सामाजिकसुरक्षा तथा संरक्षण | १३११२०३५२.०० | | | ०.०० | |
| | | | ११ | गरिवसंगविषेश्वर कार्यक्रम | ९३६७८०.०० | | | ०.०० | |
| | | | १२ | एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | १३६३५०००.०० | | | ०.०० | |
| | | | १३ | मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम(३०१००१०२४) | २८७७२६६५.०० | | | ०.०० | |
| | | | १४ | मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम(३०१००१०२३) | १०५०००.०० | | | ०.०० | |
| | | | १५ | आन्तरिक मामिला तथा कानुम मन्त्रालय(३१४०००११३) | ८०००००.०० | | | ०.०० | |
| | | | १६ | सामाजिकविकास मन्त्रालय(३५००००११३) | ५०००००.०० | | | ०.०० | |
| | | | **जम्मा** | | **९३४७९१४८९.७६** | **जम्मा** | | **९३४७९१४८९.७६** | |
| | | | कैफियत चालु खर्च खाता बैंक स्टेटमेन्टमा रु १७५५१४६९.४२ रकम बैंकबाँकी छ ।रु ३५५.४२ पैशा कर फिर्ता गर्दा रु १७५११११४ बाँकी हुन आउने रकम राखिआवि तयार गरिएको छ । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **बैंक हिसाब मिलान नगरेको**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम पालिकाले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्ने देखिन्छ। | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | १६४८७९२४.३५ | १६४८७९२४.३५ | ० |
| २ | चालु खाता | १७५५१११४.०० | १७९७७१४७.४२ | ४२५६७८.०० |
| ३ | पूँजीगत खाता | ४७३९८२७.०० | ५३३९८२६.०० | ६०००००.०० |
| ४ | प्रकोप व्य कोष खाता | ११८३७.५ | ३२७५६.९१ | २०९१९.४१ |
| **जम्मा** | | **३८७९०७०२.८५** | **३९८३७६५४.६८** | **१०४६५९७** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशील वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा पालिकाको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि ट्रान्सफर नगरी सम्बन्धीत खातामै मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• पालिकाको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br><br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन।<br><br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद, विल, भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५४ जनाको दरबन्दी रहेकोमा २७ दरबन्दी रिक्त रहेको पाईयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले तलवी प्रतिवेदन पारित नगरी रु.३ करोड ७९ लाख ५७ हजार ६ सय २८ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br><br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र पालिकाका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा नगर उप प्रमुख श्री सरीता वलीले मिति २०७८।०३।१० गते रु.८० करोड ३५ लाख १९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१० मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले २०७८।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>
त्रैमासिक खर्चः<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिकखर्चको स्थिति देहाय बमोजिम छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
<table>
<tr><td>क्र.स.</td><td>बजेट उपशिर्षक</td><td>कुल खर्च</td><td colspan="5">चौमासिक खर्च</td></tr>
<tr><td></td><td></td><td></td><td>प्रथम</td><td>दोस्रो</td><td>तेश्रो</td><td>चौथो</td><td>आषाढ</td></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>४८२५३४</td><td>९३५५८</td><td>४१८११</td><td>१३२२४९</td><td>२१४९१४</td><td>१७५१५२</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>२३११८३</td><td>१०२९</td><td>१५४७४</td><td>६१०८७</td><td>१५३५९०</td><td>१०३८२२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७१३७१७</td><td>९४५८८</td><td>५७२८५</td><td>१९३३३७</td><td>३६८५०४</td><td>२७८९७४</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>१३.२५</td><td>८.०३</td><td>२७.०९</td><td>५१.६३</td><td>३९.०९</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.७१ करोड ३७ लाख १७ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.९ करोड ४५ लाख ८८ हजार अर्थात १३.२५ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.५ करोड ७२ लाख ८५ हजार,अर्थात ८.०३ प्रतिशत तेश्रो त्रैमासिकमा रु.१९ करोड ३३ लाख ३७ हजार, अर्थात २७.०९ प्रतिशत र चौथो त्रैमासिकमा रु.३६ करोड ८५ लाख ४ हजार, अर्थात ५१.६३प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२७ करोड ८९ लाख ७४ हजार अर्थात ३९.०९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

पालिकाको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३०८०५०००</td><td>२८१२८५८९</td><td>३.९४</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१५४२९९६३३</td><td>१२५६१९६०९</td><td>१७.६०</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>४६३६७६७५५</td><td>४२५९३२०३१</td><td>५९.६७</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>५९५००००</td><td>५६९८२३९</td><td>०.७९</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१४८७८७६७९</td><td>१२८३३९२६४</td><td>१७.९८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८०३५११९०६७</td><td>७१३७१७७३२</td><td>१००</td></tr>
</table>

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५९.६७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ०.७९ प्रतिशत रहेको छ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम पालिकाले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियमावली बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th>कार्यक्रम/योजना</th><th>कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th></th><th></th><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>मुख्य कार्यक्रम संख्या</td><td>१४</td><td>२</td><td>४</td><td>४</td><td>४</td></tr>
<tr><td>सहायक कार्यक्रम संख्य</td><td>२९६</td><td>१८</td><td>०</td><td>०</td><td>२७८</td></tr>
</table></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम पालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म निमित्त प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित सव ईन्जिनियर, स्टाफ नर्स, अहेव, अनमी, प्रशासन सहायक, कार्यालय सहयोगी, ड्राईभर लगायत पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ती गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित सव ईन्जिनियर स्टाफ नर्स अहेव अनमी प्रशासन सहायक कार्यालय सहयोगी ड्राईभर लगायत पदमा ११५ जना कर्मचारीहरु करारमा राखि रु.१ करोड ८० लाख खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको विभिन्न इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित सव ईन्जिनियर, स्टाफ नर्स, अहेव, अनमी, प्रशासन सहायक पदमा ७८ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१ करोड ६२ लाख ९० हजार भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राखी तलव भुक्तानी दिएकोले नियमसम्मत नदेखिएको रु | १६,२९०,००० |
| १३ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । पालिकाका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १४ | | | **वडा सचिवको पदपूर्ति :**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>वडा संख्या: १३; वड सचिवको दरबन्दी: १३; वडा सचिवको पदपूर्ति: ५; रिक्त वडा सचिव: ८ | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १३ | १३ | ५ | ८ |



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>

**सेवाप्रवाहको स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१९५३</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२३८</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१८</td></tr>
<tr><td>विवाह दर्ता</td><td>५८३</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>४</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
<tr><td>कच्ची सडक निर्माण</td><td>३ कि मि</td></tr>
</table>

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **कानून र सञ्चालन स्थिति–**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार पालिका सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २६ वटा ऐन, ११वटा नियमावली, २०कार्यविधि लगायत ७४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |
| १७ | | | **न्यायीक समिति–**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष थप भएको ८ गरी कुल ८ विवाद दर्ता भएकोमा ६ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

 https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **अनुदान फिर्ता –**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट पालिकामा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु. | १,०६५,५४२ |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ४०७११३००० | ३९३०६५४९० | १४०४७५१० | |
| | विषेश | १९९६६०५९ | १९९५२६२६ | १३४३३ | |
| | समपुरक | २२६०१४९ | २१८२८८० | ७७२६९ | |
| प्रदेश सरकार | शसर्त | ३७३३५२११ | ३७३३५२११ | ० | |
| | विषेश | ५८३०६०० | ५७५८६०० | ० | ७२००० |
| | समपुरक | १९९१०३७ | ९९७४९५ | ० | ९९३५४२ |
| | अन्य | ० | ० | ० | ० |
| **जम्मा** | | **४७४४९६०५६** | **४५९२९२३०२** | **१४१३८२१२** | **१०६५५४२** |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १८.१ | छेडागाड नगरपालिका जाजरकोट | १०,६५,५४२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष २६० जनालाई रु.५ हजार देखि रु.१ लाख सम्म गरी रु.३७५७३६०।०० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २० | | | **भ्रमण खर्च :**<br>कर्णाली प्रदेश अन्तर्गतका पालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>पेश्की बाँकी :<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । यस वर्ष देहाय अनुसार म्याद नाघेको मोविलाईजेशन पेश्की रु.२७०५०००।०० र म्याद नाघेको अन्य पेश्की रु.७७९४२६।०० रहेको छ । म्याद नाघेको पेश्की फछ्र्यौट हुनु पर्ने रु<br>
<table>
<tr><th>क्र स</th><th>पेश्की लिने व्यक्ति तथा फर्म</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जगतिसिंहकन्ट्रक्शन सेवा</td><td>७,००,०००.००</td><td>म्याद ननाघेको</td></tr>
<tr><td>२</td><td>जगतिसिंहकन्ट्रक्शन सेवा</td><td>४,२५,०००.००</td><td>म्याद ननाघेको</td></tr>
<tr><td>३</td><td>एएण्ड ए कन्स्ट्रक्सन</td><td>१५,८०,०००.००</td><td>म्याद ननाघेको</td></tr>
<tr><td>४</td><td>फोरक्यूव इन्टरटेनमेन्ट प्रा.लि.</td><td>१,६०,०००.००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>५</td><td>मनघाटलिफ्ट सिचाई उपभोग्ता समिति</td><td>४,१९,४२६.००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>६</td><td>रमिलाअधिकारी</td><td>२,००,०००.००</td><td>म्याद नाघेको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३४,८४,४२६.००</td><td></td></tr>
</table></td><td>७७९,४२६</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>आयको अनुमानः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२ करोड ७५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.६४८१५७७।९१ अर्थात अनुमानको २४.०० प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्त परक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>आन्तरिक आयः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>५२२०३२०३२</td><td>६४८१५७७।९१</td><td>१.२४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकामा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२४प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **कर तथा शुल्क असुली -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पति कर | ० | ० | ० |
| मालपोत कर | २२००००० | २०५३९९६ | ९३.३६ |
| घरजग्गा वहाल कर | ५००००० | ३०७९०८ | ६१.५८ |
| व्यवसाय कर | ४००००० | ९६५०० | २४.१२ |
| अखेटोपहारमा लाग्ने कर | १२००००० | २६१३९६ | २१.७८ |
| ढुङ्गा गिट्टि वालुवा विक्रि | १०००००० | ५००००० | ५० |
| नक्सापास दस्तुर | ५००००० | ० | ० |
| सिफारिस दस्तुर | १२००००० | ५८१००८ | ४८.४१ |
| व्यक्तिगत घटनादर्ता दस्तुर | ४००००० | २५६५९२ | ६४.१४ |
| नाता प्रमाणित दस्तुर | ५००००० | २५०४२० | ५०.०८ |
| अन्य विविध दस्तुर | १५३०३१५२ | २१७३७५७ | १४.२० |
| **जम्मा** | **२३२०३१५२** | **६४८१५७७** | **२७.९३** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **राजश्व अभिलेख :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २६ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत १३ वटा वडाबाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व कार्यालयले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |
| २७ | | | **असुली गर्न बाँकी आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस पालिकाले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा निर्माण व्यवसायी रोयल एण्ड लोयल निर्माण सेवा बाट देहाय अनुसार रु.५०००००।०० असुल गर्न बाँकी रहेको छ ।<br>(तालिका तल)<br>उक्त उठ्न बाँकी रहेको राजश्वको लगत समेत तयार गरेको छैन । राजस्वको वास्तविक प्राप्तीको लगत तयार गरी सम्झौताअनुसारको रकमको व्याज तथा हर्जना समेत असुल गर्नुपर्ने रु. | ५००,००० |

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | रोयल एण्ड लोयल निर्माण सेवा | ढुङ्गा गिट्टि वालुवा उत्खनन तथा वितरण | १०००००० | ५००००० | ५००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **दाखिला गर्न बाकी राजश्वः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ। तर पालिका अन्तर्गतको वडा न १० का वडाअध्यक्ष रामबहादुर बाट रु.८४९५०।००, वडा न १२ वडाध्यक्ष प्रेम बहादुर खत्रीबाट रु.२३८४२।०० र नगरपालिकाको मोहन राना क्षेत्रीबाट रु.६००००।०० गरी रु.१६८७९२।०० राजश्व रकम लेखापरीक्षण समयसम्म पनि दाखिला नभएकोले उक्त रकम समबन्धीतबाट असुल गरी हर्जना समेत दाखिला गर्नुपर्ने रु<br>क्रम \| कर्मचारीको नाम \| असुली रकम<br>२८.१ \| \| ० | १६८,७९२ |
| २९ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९६५००।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३० | | | **पालिकाका पदाधिकारी सुविधा :**<br>कर्णाली प्रदेश पालिकाका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई गत वर्षको रु.२१६००००।०० र यस वर्षको रु.६७३५०००।०० गरी कुल रु.८८९५०००।०० रकम सुविधा वापत भुक्तानी गरेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>कर छुटः<br>आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।यस पालिकाका पदाधिकारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी गर्न छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>पदाधिकारीको नाम</th><th>खुद बार्षिक आय</th><th>कर छुट</th><th>कर योग्य आय</th><th>कट्टी गरेको</th><th>छुट पारिश्रमिक कर</th></tr>
<tr><td>नगर प्रमुख लाल बहादुर महतारा</td><td>६८४०००</td><td>४८००००</td><td>२०४०००</td><td>०।००</td><td>३०८००</td></tr>
<tr><td>नगर उप प्रमुख सरिता वली</td><td>५७६०००</td><td>४८००००</td><td>९६०००</td><td>०।००</td><td>९६००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>४०४००</td></tr>
</table></td><td>४०,४००</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>भुक्तानीमा कर<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.२१३०७।०० कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>६५५।०७९।३।१९</td><td>बाल मावि छेडागाड ११ झाप्रा जाजरकोटलाई भुक्तानी</td><td>५०००००</td><td>१.५%</td><td>७५००</td></tr>
<tr><td>५८१।०७९।३।६</td><td>ईन्द्रज्योति मावि छेडागाड १ जाजरकोटलाई फर्निचर खरिद वापत भुक्तानी</td><td>२०००००</td><td>१.५%</td><td>३०००</td></tr>
<tr><td>१५६।२०७९।३।२४</td><td>जनप्रिय मावि घेरावार निर्माण वापत अग्रिम कर</td><td>३७०३९०</td><td>१.५ %</td><td>५५५६</td></tr>
<tr><td>१९१।०७९।३।२५</td><td>धन बहादुर रावत पे फ</td><td>५००००</td><td>१.५ %</td><td>७५१</td></tr>
<tr><td>३५।०७९।१।८</td><td>चन्द्रबहादुर भारती पे फ</td><td>३०००००</td><td>१.५ %</td><td>४५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२१३०७</td></tr>
</table></td><td>२१,३०७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **बढी भुक्तानी**<br>कर्णाली प्रदेश पालिकाका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ (पहिलो संशोधन समेत) को दफा ३ मा पालिकाका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको भन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा बढी हुने गरी देहाय अनुसारका योजना अनुगमनमा रु.३९३२००।०० बढी भुक्तानी दिएकोले असुल गर्नुपर्ने रु. | ३९३,२०० |

| गो.भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|
| ५५८।०७९।२।३१ | नगर उप...प्रमुख सरीता वलीलाई वडा १० ११ १२ १३ को योजना अनुगमन वापत भत्ता भुक्तानी | ३३७०० |
| ४९४।०७९।१।१९ | नगर उप...प्रमुख सरीता वलीलाई वडा १ देखि १३ सम्म को योजना अनुगमन वापत भत्ता भुक्तानी | ३०००० |
| ३११।०७८।११।१ | ९ नं वडा अध्यक्ष गोपाल बहादुर नेपाली को दैनिक भ्रमण भत्ता भुक्तानी | ४०००० |
| ३२७।०७८।१०।२८ | १२ नं वडा अध्यक्ष प्रेम बहादुर खत्री विविध खर्च भुक्तानी | ६९५०० |
| ३४३।०७८।११।११ | ध्वाज बहादुर थापालाई नगर प्रमुखले प्रयोग गरेको गाडी रिजर्वको रकम भुक्तानी | २२०००० |
| **जम्मा** | | **३९३२००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **खाना तथा विविध खर्च –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२७८८३५५।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **अनुदानको अनुगमन–**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.५०७१०००।०० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा पालिकाबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| गो भौ नं मिति | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| ४८०।०७९।१।१५ | मिथुन कृषि फर्म | व्यवस्थापन तथा विविध | १००००० |
| ३३२।०७८।११।१ | नारायणी महिला कृषि तथा पशु पालन सहकारी संस्था लि | सहकारी व्यवस्थापन | २००००० |
| १३१।०७९।३।२० | एकता भटमास पकेट व्यवस्थापन समिति | विउ विजन अनुदान | ४००००० |
| १३२।०७९।३।२० | सुवानाउली भटमास पकेट व्यवस्थापन समिति | विउ विजन अनुदान | ४००००० |
| १५०।०७९।३।२२ | श्री पिपलचौतारी आल बाख्रा पकेट क्षेत्र | खोर निर्माण | ७००००० |
| १५६।०७९।३।१ | प्रगतिशिल वाख्रापालन पकेट समिती | बाख्रा खरिद तथा खोर निर्माण | १९००००० |
| ३१४।०७९।३।२५ | कोपिला कृषि फर्म | घेरावार निर्माण | १५०००० |
| २१२।०७९।३।२१ | साहारा कृषि फर्म | व्यवस्थापन खर्च | ३६५५०० |
| १३०।०७८।१२।३० | मालिका ओखर पकेट समिती | ओखर खरिद | ८५५५०० |
| **जम्मा** | | | **५०७१०००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>
संस्थालाई अनुदान<br>
स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता, मितव्यिता ,प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>नेपाली सेना व्यारेक</td><td>विविध खर्च</td><td>२०००००</td></tr>
<tr><td>२</td><td>जिल्ला अदालत जाजरकोट</td><td>विविध खर्च</td><td>२०००००</td></tr>
<tr><td>३</td><td>जिल्ला प्रहरी कार्यालय जाजरकोट</td><td>विविध खर्च</td><td>२०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
ठेक्का व्यबस्थापनः<br>
सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ। नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः (रु.हजारमा)
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>३७४२९</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>१४</td><td>३७४२९</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२३ करोड ११ लाख ८३ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३९ | | | **सवारीसाधन खरिद –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको पालिकामा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ६ थान दुई पांङ्ग्रे सवारी साधन खरिदमा रु.१५२०७०४।०० बजेटबाट खर्च गरेको छ ।<br>**सि.नं** \| **सवारी साधन** \| **संख्या** \| **रकम**<br>१ \| मोटरसाइकल \| ६ \| १५२०७०४<br>**जम्मा** \| \| **६** \| **१५२०७०४** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **करार कर्मचारीलाई भत्ताः**<br>सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शिर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करार कर्मचारी भर्ना गरि भत्ता भुक्तानी भएको देखिन्छ । यसरी नियम विपरित भत्ता भुक्तानी दिएको नियमसंम्मत नदेखिएको रु. | ७०५,६०० |

| सि न | नाम | भत्ता शिर्षक | रकम (मासिक) | जम्मा(वार्षिक) |
|---|---|---|---|---|
| १ | सअ चन्द्रला शर्मा | स्थानीय भत्ता भत्ता | ८८०० | १०५६०० |
| २ | हसचा मान बहादुर सिंह | भत्ता | १०००० | १२०००० |
| ३ | हसचा नर बहादुर नेपाली | भत्ता | १०००० | १२०००० |
| ४ | हसचा अजय थापा | भत्ता | १०००० | १२०००० |
| ५ | हसचा अर्जुन कामी | भत्ता | १०००० | १२०००० |
| ६ | हसचा पदम बहादुर खड्का | भत्ता | १०००० | १२०००० |
| **जम्मा** | | | | **७०५६००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>

**विल भरपाईः**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको भुक्तानीमा संलग्न फाटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी आन्तरिक कोषमा दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>गो.भौ. नं र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>७३६।०७९।३।२५</td><td>सन्तोष विकको नगर सभा सञ्चालन खर्चको पेश्की फर्स्यौट रु.३०००००।०० मा रु.२५६५००।०० को मात्र विलभरपाई पेश भएकोमा बाकी रु४३५००।०० को प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>४३५००</td></tr>
<tr><td>६६४।२०७९।३।२१</td><td>वडा नं १३ को वडा खर्च सचिव बालकृष्ण खत्रीको पेश्की रु.३०००००।०० फर्स्यौटमा भ्रमण आदेश स्वीकृत वेगर रु.२४७५०।०० भुक्तानी दिएकाले प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>२४७५०</td></tr>
<tr><td>३६३।०७८।११।२२</td><td>सुरेन्द्र रोकायलाई भुक्तानी रु.१७७३७८।०० मा सुर्जन हार्डवयर सप्लार्यस छेडागाड ११ जाजरकोट र सरल एण्ड सरला सप्लार्यस जाजरकोटबाट खरिद भएको विभिन्न १८ आईटम सामान जिन्सी दाखिला भएको प्रमाण पेश भएको नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>१७७३७८</td></tr>
<tr><td>३५६।०७८।११।१३</td><td>सन्तोष कुमार विक को पेश्की रु.३४७६०२।०० फर्स्यौट मा निशान कम्प्यूटर ट्रेडर्स बाँकेबाट खरिद भएको विभिन्न ७ आईटम सामान जिन्सी दाखिला भएको प्रमाण पेश भएको नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>३४७६०२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५९३२३०</td></tr>
</table>

</td><td>५९३,२३०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४२ | | | **योजना छनौट र कार्यान्वियन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-50 लाख सम्म | 50 लाख भन्दा बढी | जम्मा |
| --- | --- | --- | --- | --- | --- | --- |
| ४८ | ४९ | ९४ | ५३ | ४३ | ९ | २९६ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.२० हजार देखि ४४ लाख सम्मका जम्मा २९६ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ४८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -**<br>पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत विभिन्न तहका ९२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| क्र स | विद्यालय | शिक्षकदरबन्दी | | | | | | पदपूर्ति | | | | | | विद्यार्थी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दरबन्दी | राहत | शिक्षणसिकाइअनुदान | नगर शिक्षक | स्थायी | करार | दरबन्दी | राहत | शिक्षणसिकाइ अनुदान | नगर शिक्षक | स्थायी | करार | | |
| १ | वालविकास | ६८ | ० | ० | ३८ | ० | ० | ६८ | ० | ० | ३८ | ० | ० | १७७७ | |
| २ | प्रावि | १२० | ८४ | ९ | १५ | ११२ | ८ | १२० | ८३ | ९ | १२ | ११२ | ८ | ७१९९ | |
| ३ | निमावि | १६ | २७ | १८ | २७ | १४ | २ | १६ | २७ | १८ | २७ | १४ | २ | ३७०६ | |
| ४ | मावि | १० | १५ | ८ | ११ | १० | ० | १० | १५ | ८ | ११ | १० | ० | २३३७ | |
| ५ | उमावि | ४ | १२ | ० | ० | ० | १६ | ४ | ११ | ० | ० | ० | ० | २०८३ | |
| **जम्मा** | | **२१८** | **१३८** | **३५** | **९१** | **१३६** | **२६** | **२१८** | **१३६** | **३५** | **८८** | **१३६** | **१०** | **१७१०२** | |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले पालिकालाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड २० लाख ७७ हजार तलब भत्ता भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु. | १२,०७७,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>स्यानीटरी प्याड खरिदः<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६-१२ मा अध्ययनरत छात्राहरुका लागि निशुल्क स्यानीटरी प्याड व्यवस्थापन गर्न प्रति विद्यार्थी अनुदान दिने र यो व्यवस्था अनुसार छात्राहरुलाई प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले शसर्त चालुको २९४।२०७९।३।२४ बाट सुर्खेत साइन्स एण्ड सर्जिकल्स बाट ४०५०० प्याकेड स्यानीटरी प्याड र २२ सेट भेन्डिङ्ग मेशिन खरिदमा रु ३७५९४१९ खर्च लेखेको छ । उक्त प्याडहरु र भेन्डिङ्ग मेशिनहरु विद्यालयमा हस्तान्तरण नगरी पालिकाको गोदाममै स्टक राखेको छ । आवश्यकतालाई महशुस नगरी खरिद प्रयोजनार्थ उक्त प्याडहरु खरिद गर्ने र उक्त प्याडहरु सम्बन्धीत ठाउँमा हस्तान्तरण नगर्नेहरुलाई जिम्मेवार वनाइ उक्त सामाग्री वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>३,७५९,४१९</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार भौतिक निर्माणः<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक पालिकाले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, पालिका अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु पालिकाले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ९० लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि न</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>महादेव प्रावि</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००</td></tr>
<tr><td>२</td><td>जनकल्याण मा वि</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००</td></tr>
<tr><td>३</td><td>सरस्वती आ वि</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००</td></tr>
<tr><td>४</td><td>कालिका प्रा वि</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td>५</td><td>लालिगुरास प्रा वि</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td>६</td><td>जीवनज्योति प्रा वि</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr>
</table></td><td>१६,२००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्चः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शिर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ ।कुनै पनि कार्यक्रममा विनियोजन गरेको रकम उक्त शिर्षकमै खर्च गर्नुपर्ने र यदि रकमान्तर गर्नु पर्ने भएमा सो को सम्पूर्ण प्रक्रिया पुर्‍याएर मात्र खर्च गर्नुपर्दछ । तर पालिकाले रकमान्तर नगरी सशर्त चालु बाट निम्नानुसारको शिर्षक फरक पारी खर्च गरेको नियम सम्मत नदेखिएको रु
<table>
<tr><th>सि न</th><th>विनियोजन गरेको शिर्षक</th><th>फरक पारेको शिर्षक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन पुरस्कार अनुदान</td><td>कार्यालय सामान खरिद</td><td>९६९५००</td></tr>
<tr><td>२</td><td>पालिकाबाट प्राथमिक सूचना संकलन</td><td>विद्यालयमा कार्यरत सहयोगी कर्मचारीहरुको तलब</td><td>४०००००</td></tr>
<tr><td>३</td><td>सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको छात्रवृति</td><td>विद्यालयमा कार्यरत सहयोगी कर्मचारीहरुको तलब</td><td>११६९२००</td></tr>
<tr><td>४</td><td>९...१२ मा अध्ययनरत विद्यार्थीको छात्रवृति</td><td>विद्यालयमा कार्यरत सहयोगी कर्मचारीहरुको तलब</td><td>२२८००</td></tr>
<tr><td>५</td><td>विद्यालय सञ्चालन तथा व्यवस्थापन</td><td>विद्यालयमा कार्यरत सहयोगी कर्मचारीहरुको तलब</td><td>११०८०००</td></tr>
<tr><td>६</td><td>खाद्यान्न वालिको उन्नत विउ उपयोग अनुदान</td><td>विद्यालयमा कार्यरत सहयोगी कर्मचारीहरुको तलब</td><td>१२०००००</td></tr>
<tr><td>७</td><td>रोजगार सहायकको तलब</td><td>विद्यालयमा कार्यरत सहयोगी कर्मचारीहरुको तलब</td><td>३०००००</td></tr>
<tr><td>८</td><td>उन्नत विउ वितरकलाई प्रोत्साहन अनुदान</td><td>विद्यालयमा कार्यरत सहयोगी कर्मचारीहरुको तलब</td><td>२०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५३६९५००</td></tr>
</table></td><td>५,३६९,५००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>नमुना विद्यालय अनुदानः<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ९.१२ अनुसार यस निर्देशिकाको अनुसुची ९ को खण्ड "क", ख" र "ग" मा उल्लेखित विद्यालयहरुलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वियन योजना अनुसार नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजनाका बजेट निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । सोही व्यवस्था अनुसार पालिकाले सशर्त पूँजीगतको १५६।२०७९।३।२४ बाट जनप्रिय मावि छेडागाड ३ लाई रु. ५० लाख निकाशा दिएकोमा उक्त रकम खर्च गरेका विलभर्पाई र आवश्यक कागजात पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.</td><td>५,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **कर दाखिला नभएकोः**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा कर कट्टा गर्नुपर्ने व्यवस्था छ भने दफा ९० मा उक्त कर रकम दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट सञ्चालित कार्यक्रम वापत कट्टी भएका उक्त कर रकम सम्बन्धीतले दाखिला नगरेकोले उक्त कर रकम दाखिला प्रमाण पेश गर्नुपर्ने रु | ४४,६११ |

| सि न | विवरण | करको दर | कर रकम |
|---|---|---|---|
| १ | लक्ष्मी प्रसाद शर्माले आयोजना सर्भे वापत गाडी रिजर्भ वापत ढुवानी कर | १० % | ३६०० |
| २ | जनप्रिय मावि घेरावार निर्माण वापत ढुवानी कर | १० % | ४६०० |
| | जनप्रिय मावि घेरावार निर्माण वापत सा सु कर | १ % | १२३०६ |
| ३ | सन्तोष विकको नगर सभा खर्चको पेश्की फर्स्योट | १५% | १०५७५ |
| ४ | देव बहादुर बुढाको बैठक भत्ता भुक्तानीमा कर दाखिला छुट | १५% | १३५३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाहरुले उक्त प्रक्रियावेगर रु.४० लाख ५५ हजार का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br><br>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br><br>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **कृषि कार्यक्रम तर्फः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ । | |

| भौ. नं. मिति | विवरण | विउ विजनको मूल्य |
|---|---|---|
| ३५।२०७९।१।८ | सिमि, वोडी, काक्रा, टमाटर लगायत तरकारीको ६५७ प्या विउ खरिद | २९९३०० |
| नपा कृषिको ३।२०७८।७।१५ | प्याज, मूला, गाजर, काउली, बन्दा, धनिया लगायत तरकारीको विउ खरिद | २९४२३० |
| ४।२०७८।७।१५ | आलु विउ खरिद ४४०० के जि | २२०००० |
| १७।२०७८।१२।१७ | सिमि, करेला, वोडी, काक्रा, टमाटर लगायत तरकारीको विउ खरिद | ९७६५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **प्रशिक्षक हुन योग्य प्रमाणपत्र नभएकोः**<br>सशर्त चालुको १५८।२०७९।३।३ बाट गरीबी निवारणका लागि लघु उद्यम कार्यक्रम २० दिने हातेहोजियारी सिप विकास तालिम बापत प्रशिक्षक इन्द्रादेवी जैसीलाई २० दिनको २५०० का दरले रु ५०००० मा करकट्टी गरी रु ४२५०० र यातायात खर्च वापत रु ५००० गरी ४७५०० भर्पाईको आधारमा भुक्तानी गरी खर्च लेखेको छ ।यसरी दैनिक रु २५०० का दरले रकम भुक्तानी गर्दा मासिक रु ७५००० पर्न जान्छ ।उक्त प्रशिक्षकले दिनको २५०० का दरले प्रशिक्षण भत्ता लिएकोमा प्रशिक्षक हुन योग्य भएको आवश्यक प्रमाण कागजात पेश गर्नुपर्ने रु | ४७,५०० |
| ५३ | | | **बोडिङ्ग पास वेगर प्लेन टिकट भुक्तानीः**<br>सशर्त चालुको ११९।२०७८।११।२६ बाट आइ टी अफिसर मोहन राना क्षेत्रीलाई २०७८।४।१६ देखि २०७८।४।२२ सम्म को दैनिक भ्रमण भत्ता वापत रकम भुक्तानी गर्दा नेपालगन्ज देखि काठमाडौंको Shree airlines को 1 August 2021 को रु ११८०० रकम भुक्तानी गरेकोमा वोडिङ्ग पास नभएकोले पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु | ११,८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **बजेट खर्च गरी श्रेस्ता पेश नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले निम्न गो. भौ. र मितिमा बैक नगदी किताबमा बजेट खर्च लेखेकोमा उक्त खर्चलाई पुष्टी गर्ने कागजात पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु | २,४५०,३४४ |

| गो भौ र मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| सशर्त चालु १३।२०७८।६।२२ | विद्यालयमा कार्यरत प्रशिक्षक तथा सहायक तलब भत्ता | १६९०३ |
| ४४।२०७८।७।१० | आधारभूत तहमा कार्यरत शिक्षकको तलब भत्ता | १८१०४० |
| ८२।२०७८।१०।१२ | एक गाउँ एक प्राविधिक तलब | २२८८८० |
| १३९।२०७९।१।२३ | उद्यम विकास सहजकर्ता तलब | २३७८३५ |
| १९७।२०७९।३।१६ | निमराज बुढा पे फ | ५०००० |
| २४२।२०७९।३।२२ | काडासोति चैतेटाकूरा सडक निर्माण उ स | ७९७००० |
| नपा शिक्षा चालु २०।२०७९।३।२४ | कृष्ण थापा भुक्तानी | ८०१८७ |
| सशर्त पूँजीगत २९।२०७८।१०।२७ | कालिका मावि वडा न ९ भुक्तानी | ६०४३५० |
| १४७।२०७९।३।२२ | जनप्रिय नमूना विद्यालय शिक्षक प्रोत्साहन | २००००० |
| प्रदेश पूँजीगत ४३।२०७९।२।१८ | धन बहादुर रावत भुक्तानी | ५४१४९ |

| | | | | |
|---|---|---|---|---|
| ५५ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि.स. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मीएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १०००। र त्यसपछि मासिकरु ५००। का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट गाउँपालिकाले रकम बैकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनुजरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा ४२० जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रु २२८४००० पठाएको हुंदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सीमा भन्दा बढी रकमको सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसारको सामान सोझै खरिद गरेको देखियो ।नियममा भएको व्यवस्था अनुसार खरिद कार्य गर्नुपर्दछ।<br><br>गो भौ र मिति \| कार्यक्रम \| भुक्तानी \| रकम<br>६७।२०७८।९।३० \| विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम बाट Acer Laptop ७ थान \| सुर्खेत आइटी सेन्टर \| ४९८७५०<br>७२।२०७८।१०।४ \| विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम बाट Acer Laptop ७ थान \| एक्सिस कम्प्युटर एण्ड सपलायर्स \| ४९८७५० | |
| ५७ | | | **कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद अनुदानः**<br>कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ मा भएको व्यवस्था बमोजिम प्रत्येक पालिकाले प्रतिपरिवार जनही रु.१० हजारका दरले बैक खाता मार्फत रकम वितरण गर्ने व्यवस्था रहेको छ । तर यस पालिका अन्तगर्तका विपन्न परिवारलाई कार्यविधिमा भएको व्यवस्था विपरीत वडा सचिवहरुले वडा अध्यक्षको रोहवरमा भर्पाइको आधारमा १०९४ जना परिवारलाई रु १० हजारका दरले वितरण गरी रु १०९४०००० खर्च लेखेको छ । व्यवहारिकतालाई अनुशरण गर्दे कार्यविधिको अनुसुचिहरुमा भएको व्यवस्था विपरीत रकम वितरण गरेकोले विवाद उत्पन्न भएमा छनौट समीति र वितरण गर्नेलाई नै जिम्मेवार बनाउनुपर्दछ । साथै नियमावलीमा भएको व्यवस्था विपरितको कार्य अनियमित देखिएको रु | १०,९४०,००० |
| ५८ | | | **भर्पाई पेश नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।प्रदेश सरकारको ६४।२०७९।३।२२ बाट प्राविधिकहरुको अनुगमन भ्रमण वापत राम प्रसाद शर्मालाई रु २३१००० एकमुष्ट भुक्तानी भएकोमा पेश भएका भ्रमण आदेश, विल अनुसारका कर्मचारीहरुले रकम बुझेको भर्पाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | २३१,००० |
| ५९ | | | **वितरण भर्पाई पेश नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।स्थानीय सरकारबाट हस्तान्तरीतको ५।२०७९।२।३१ बाट पालिकाले 20 MM HDEP PIPE 16 KG ३९.५६ रोल खरिद गरी रु ४९८२५५ खर्च लेखेको छ । उक्त पाइप वितरण गरेको भर्पाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | ४९८,२५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **एउटै विजकबाट २ वटा उपभोक्ता समितिको रकम भुक्तानीः**<br>कृष्णसार कन्स्ट्रकसन प्रा लि को Reg no: 214721, Vat no: 609530948 को विजक नं १३ बाट नाउरीघाट घोगी रिन्टाकुरा सडक निर्माण वापत उपभोक्ता समितीले पेश गरेको रु २३९९००० को विजकमा विजक नं प्रिन्टेड र सोही विजक नं हातले लेखेर बल्ले देखि हाडे इर्ज सम्म सडक निर्माण उ स ले पेश गरी रु ९५१२१५ भुक्तानी भएको । एउटै विजक नम्वरबाट २ वटा फरक फरक उपभोक्ता समीतिलाई रकम भुक्तानी भएको सम्बन्धमा आवश्यक छानविन गरी यसरी एउटै विजकबाट रकम भुक्तानी दिने र लिनेलाई जिम्मेवार बनाउदै प्रमाण पेश गर्नुपर्ने रु | ९५१,२१५ |
| ६१ | | | **मुख्यमन्त्री रोजगार कार्यक्रमः**<br>यस कार्यक्रमका कतिपय योजनामा डोर हाजिरीमा श्रमिकको ज्याला ५७७ का दरले वितरण गरेको छ भने rate analysis मा items को rate analysis गर्दा ७०४ र ८८० का दरले राखेको छ भने समीतिले पेश गरेको डोर हाजिरी जोड जम्मा गर्दा कार्यसम्पन्न प्रतिवेदनको खुद काम भन्दा वढीको भर्पाई रहेको छ । यसो गर्दा श्रमिकले वास्तविक कार्यसम्पन्नमा उठेको विल वरावरको रकम पाउने सम्बन्धमा यकिन हुन सकिदैन । यस सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ । | |
| ६२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकामा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत पालिकाभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १५८१ जनालाई रोजगारी उपलव्ध गराई रु.५ करोड ४५ लाख ९ सय ३८ खर्च गरेको छ । लक्षित वर्गलाई १२ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।साथै श्रमिकको बैक खातामा रकम भुक्तानी नगरी भर्पाईका आधारमा रकम वितरण गरेको छ ।कार्यविधिमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ । | |
| ६३ | | | **कार्यविधि विपरित कार्यः**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार योजनाको लागि छुट्याईएको १०० प्रतिशत रकम श्रमिकलाई ज्यालाको रुपमा वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले उक्त व्यवस्था विपरीत ३१०।२०७९।३।२५ बाट जेवाकोट कोलकाटिया मनघाट सडक मर्मतको रकम रु २००००० समितीलाई भुक्तानीमा पेश भएका कागजात निरिक्षण गर्दा उक्त काम श्रमिकबाट नगराई रोयल एण्ड लोयल निर्माण सेवाको भ्याट विल राखेको पाइयो ।श्रमिकले रकम बुझेको प्रमाण पाइएन । यसरी प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम निर्देशिका विपरीत कार्य गर्ने गराउने तथा यस्तो कार्यको भुक्तानी दिने समेतलाई जिम्मेवार वनाउदै उक्त रकम फिर्ता गर्नुपर्ने रु | २००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>कार्यसम्पादन जमानतको म्याद थप बारेः-<br>- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(१) मा वोलपत्र दाताले ऐनको दफा २७(4) बमोजिमको ढाँचामा दफा २७(३) बमोजिमको म्यादभित्र वाणिज्य बैकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ । नियम ११०(४) मा त्यस्तो कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको हकमा त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्नाले कार्य सम्पन्न गर्ने अवधि भन्दा एक बर्ष पछिको हुने भएकोले कार्यसम्पादन जमानतको म्याद कार्यसम्पादन गर्ने अवधि भन्दा १३ महिना बढी अवधिको हुनुपर्छ । पालिकाबाट सम्झौता भएका निम्न निर्माणकार्यको कार्यसम्पादन जमानत नियममा उल्लेख भएको अवधि भन्दा घटी अवधिको भएकोले नियमानुसार कार्य सम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>कामको विवरण</th><th>निर्माण व्यवसायी</th><th>संझौता मिति</th><th>सम्पन्न गर्ने मिति</th><th>जमानतको मिति</th><th>जमानतको हुनुपर्ने मिति</th><th>जमानत रकम</th></tr>
<tr><td>सडक निर्माण</td><td>ओलि निर्माण सेवा एण्ड सप्लायर्स जाजरकोट</td><td>०७८।११।३</td><td>०७९।३।२५<br>(२०२२ जुलाई ९)</td><td>२०२३ मार्च १५</td><td>२०२३ अगष्ट ८</td><td>३४३२६९०</td></tr>
<tr><td>वडा भवन निर्माण</td><td>वाई. के.कन्ष्ट्रक्सन बारेकोट</td><td>०७८।१२।२४</td><td>०७९।९।३०</td><td>२०८०।१।११</td><td>२०८०।१०।२९</td><td>११५४८१५</td></tr>
<tr><td>सडक निर्माण</td><td>अनमोल निर्माण सेवा बारेकोट ९</td><td>०७६।१२।५</td><td>०७९।३।२५</td><td>०७९।४।२४</td><td>०८०।४।२४</td><td>१२१८७५०</td></tr>
</table></td><td>५,८०६,२५५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६</td><td></td><td></td><td>

**मूल्य अभिवृद्धि कर कट्टी**

आर्थिक ऐन, २०७९ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार मु.अ. करको ३० प्रतिशत रकम कट्टी नगरी घटी कट्टी गरेको तथा राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको तथा घटी मुअकर कट्टी देखिन्छ ।

<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>३० प्रतिशत रकम</th><th>मुअ कर कट्टी रकम</th><th>घटी कट्टी रकम</th></tr>
<tr><td>२०८।०७९।१।२२</td><td>सन्तोष निर्माण सेवा जाजरकोट</td><td>३०३१४५३६५</td><td>३००००००</td><td>३४५१३३</td><td>१०३५४०</td><td>६९०२७</td><td>३४५१३</td></tr>
</table>

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु...

</td><td>३४,५१३</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>

**बीमा नगरेकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा सार्वजनिक निकायले रु. दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु. १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोकेबमोजिम बीमा गरेको अवस्था छैन । भवन निर्माण, सिचाई नहर निर्माण तथा खानेपानी जस्ता प्राविधिक रुपमा संवेदनशील संरचना निर्माणमा सम्भावित दुर्घटना बाट बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ ।उदाहरण

<table>
<tr><th>क्र स</th><th>निर्माण व्यवसायीको नाम</th><th>निर्माण कार्यको विवरण</th><th>लागत अनुमान मुअकर बाहेक</th><th>सम्झौता रकम मुअकर बाहेक</th></tr>
<tr><td>1</td><td>ओलि निर्माण सेवा एण्ड सप्लायर्स जाजरकोट</td><td>मनघाट पिपलतारा सडक</td><td>**११२६६७३६।०९**</td><td>**२९३५३७१।६४**</td></tr>
<tr><td>२</td><td>डाँफे बिल्डर्स जाजरकोट</td><td>पातलपानी चाल्नेमालिका खानेपानी</td><td>**७३६६५६५**</td><td>**५६२५९८५।००**</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **धरौटी कट्टी नगरेकोः** सार्वजनिक खरिद नियावली २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले खरिद खातामा आम्दानी संझौता बमोजिम विल वा बीजकको भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ वा अन्य बिल वा बीजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने उल्लेख छ।पालिकाले तपशिल बमोजिमको ठेक्का वा करार संझौता बमोजिमको रकमको भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नुपर्ने रिटेन्सन मनी कट्टी नगरेकोले नियमको पालना गरेको पाईएन।तसर्थ नियमानुसार धरौटी कट्टी गरी धरौटी खातामा आम्दानी नबाधेकोले अनियमित देखिएको रु. | १,०९२,४३६ |

| भौ.नं.मिति | कामको विवरण | भुक्तानी पार्टी | भुक्तानी रकम | हुने धरौटी रकम | कट्टी रकम | कट्टी गर्न वाकि रकम |
|---|---|---|---|---|---|---|
| १६७।०७९।३।२५ | पातलपानी खानेपानी आयोजना | डाँफे विल्डर्स जाजरकोट | ५८८९०८९ | २६०५७९ | ०० | २६०५७९ |
| १६५।०७९।३।२५ | बिद्यालय भवन निर्माण | ए एण्ड ए कन्ष्ट्रक्सन बाँके | ५६९०४७० | २५१७९१ | ०० | २५१७९१ |
| १९२।०७९।१।५ | वडा भवन निर्माण वडा नं.११ | वाई.के.कन्ष्ट्रसन बारेकोट ९ | ३८६७३४१ | १७११२१ | ०० | १७११२१ |
| २३२।०७९।२।३० | वडा भवन निर्माण वडा नं.९ | वाई.के.कन्ष्ट्रसन बारेकोट ९ | ३८७६४२० | १७१५२३ | ०० | १७१५२३ |
| २०८।०७९।१।२२ | लक्ष्मी प्रावि भवन निर्माण | सन्तोष निर्मा० सेवा जाजरकोट | ३०००००० | १३२७४३ | ८८४९६ | ४४२४७ |
| १६६र३२२।०७९।३।२५ | जन कल्यान मावि भवन | ईन्द्र देवी निर्माण सेवा वाँके | ४३६५७६० | १९३१७५ | ०० | १९३१७५ |
| | | | **जम्मा** | **११८०९३२** | **८८४९६** | **१०९२४३६** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>
कार्यसम्पादन जमानत घटी कट्टीः<br>
सार्बजनिक खरिद ऐनको दफा २७को उपदफा ४ बमोजिम खरिद सम्झौता गर्दा कार्यसम्पादन जमानत दाखिला गरी गर्नुपर्ने उल्लेख छ।त्यसरी जमानत दाखिला गर्दा लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङक कबुल गरेमा कबुल अङकको पाँच प्रतिशत र पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने भन्ने छ। पालिकाबाट बोलपत्र मार्फत खरीद सम्झौता गर्दा नियमानुसार राख्नुपर्ने कार्य सम्पादन जमानत भन्दा घटि जमानत राखेको पाईएकोले नियमानुसारको थप जमानत राख्नुपर्ने रु
<table>
<tr><th>कामको विवरण</th><th>निर्माण व्यवसायी</th><th>लागत अनुमान</th><th>संझौता रकम</th><th>जमानत रकम</th><th>हुने जमानत</th><th>घटी जमानत</th><th>जमानतको हुने अवधि</th></tr>
<tr><td>स्वास्थ्य चौकि भवन निर्माण</td><td>सन्तोष निर्माण सेवा</td><td>पुरानो ठेक्का भएकोले पेश नभएको</td><td>११५२४०७१</td><td>५१००००</td><td>५७६२०३।५५</td><td>६६२०४</td><td>२०८१।१।१९</td></tr>
<tr><td>अस्पताल भवन निर्माण</td><td>माउन्ट इन्फ्रा कम्पनी लि.काठमाण्डौ</td><td>१८०६६३०४७।७१</td><td>१३६३४३२०६</td><td>६७७९८१०।३२</td><td>१५४२७३५२</td><td>८६४७५४२</td><td>२०८१।४।१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td></td><td>८७१३७४६</td><td></td></tr>
</table>
</td><td>८,७१३,७४६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **पूर्व निर्धारित क्षतिपूर्ति अशुल गर्नुपर्नेः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । पालिकाबाट भएका निम्न निर्माण कार्यको सम्झौता अनुसार सम्पन्न गर्ने म्याद समाप्त हुदासम्म कार्यसम्पन्न नभएको तथा म्यादथप नभएकोले नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति अशुल गरी कार्य सम्पन्न गर्नुपर्ने रु | ७९,४४६ |

| काम | निर्माण व्यवसायी | संझौता रकम | कार्य सम्पन्न गर्ने मिति | म्याद नाघेको दिन | क्षतिपूर्ति तिर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| मनघाट आल सडक | जगति सिंह निर्माण सेवा जाजरकोट | ४५६४३६९ | ०७९।३।२५ | ६ | १३६९३ | आ व २०७८।०७९ को मात्र |
| जनप्रिय मावि भवन | जगति सिंह निर्माण सेवा जाजरकोट | ८६२४०३३ | ०७९।३।२५ | ६ | २५८७२ | आ व २०७८।०७९ को मात्र |
| बागेश्वरी मावि भवन | ए एण्ड ए कन्ष्ट्रक्सन वाँके | ८९६४८९४ | ०७९।३।२५ | ६ | २६८९५ | आ व २०७८।०७९ को मात्र |
| मनघाट सिर्सेनी सडक | अनमोल निर्माण सेवा बारेकोट जाजरकोट | ४३२८५३६ | ०७९।३।२५ | ६ | १२९८६ | आ व २०७८।०७९ को मात्र |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td></td><td></td><td>
नन्फाइलर<br>
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.२४४०६१४।०० समेत रु.२१२१४५६७।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>१६७।०७९।३।२५</td><td>डाँफे विल्डर्स जाजरकोट</td><td>३०३६७५१५०</td><td>५८८९०८९</td><td>६७७५०६</td><td>2078 m11</td></tr>
<tr><td>१६५।०७९।३।२५</td><td>ए एण्ड ए कन्ष्ट्रक्सन बाँके</td><td>६१४९१३७४५</td><td>५६९०४७०</td><td>६५४६५६</td><td>२०७८m12</td></tr>
<tr><td>१६७।०७८।१२।१४</td><td>सावित्री शिव निर्माण सेवा सुर्खेत</td><td>३०४५४३५६०</td><td>६२६५००</td><td>७२०७५</td><td>२०७८m11</td></tr>
<tr><td>214।079।2।18</td><td>रोएल एण्ड लोयल निर्माण सेवा सप्लायर्स छेडागाड जाजरकोट</td><td>६०९६४२६४१</td><td>४५४६०२२</td><td>५२२९९४</td><td>२०७९M1</td></tr>
<tr><td>१६६।०७९।३।२५ र 322।०७९।३।२५</td><td>इन्द्र देवी निर्माण सेवा कोहलपुर वाँके</td><td>३०२७१६७११</td><td>४३६५७५८</td><td>५०२२५५</td><td>०७८M12</td></tr>
<tr><td>३६३।०७८।११।२२</td><td>सुर्जन हार्डवयर सप्लार्यस</td><td>६०७३४५९५७</td><td>९६७२८</td><td>११११२८</td><td>२०७९ एम २</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२१२१४५६७</td><td>२४४०६१४</td><td></td></tr>
</table>
कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु
</td><td>२,४४०,६१४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **अधुरा आयोजना**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष देहायअनुसार रु.६९५७६९६६।७६ का ७ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| क्र स | योजनाको नाम | निर्माणव्यायसायीको नाम | बोलपत्र अङ्क | कबोल अङ्क | सम्झौता मिति /अवधि | भुक्तानीभए को | भुक्तानीबाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | मनाघाटपिपलतारा अन्द्रकोट सडक निर्माण | ओलीनिर्माण सेवा | 12012726 | 3309625.76 | 2078/11/03-2079/03/25 | | 3309625.76 |
| २ | मनाघाट आल सिर्सेनी जोब्र सडक स्तरोन्नती | जगतिसिंह कन्ट्रकशन | 12000000 | 4564369 | 2078/12/24-2079/03/25 | 0 | 4564369 |
| ३ | ९ नं वडा कार्यालय भवन निर्माण | वाई के कन्ट्रकशन | 7143542 | 5241145 | | 3430460 | 1810685 |
| ४ | १० नं वडा कार्यालय भवन निर्माण | अनमोल निर्माण सेवा | 7120895 | 4891246 | | 1690606 | 3341428 |
| ५ | ११ नं वडा कार्यालय भवननिर्माण | वाई के कन्ट्रकशन | 7120895 | 5032034 | | 3419003 | 8105068 |
| ६ | साल्मास्वास्थ्य चौकि भवन निर्माण | सन्तोष निर्माण सेवा | 11589660 | 11524071 | 2076/12/16-2078/12/30 | 2000000 | 9524071 |
| ७ | आधारभूत स्वास्थ्य तथा सरसफाई केन्द्र भवन निर्माण | के सि निर्माण सेवा | | 40849613 | 2078/12/24-2079/03/32 | 1927893 | 38921720 |
| **जम्मा** | | | **56987718** | **75412103.8** | **0** | **12467962** | **69576966.76** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.२४ लाख १४ हजार २ सय ४० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **सव कन्ट्याक्टरबाट काम गराएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैलेसम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीको मेशिन प्रयोग गरी काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित उपभोक्ताले आफुले गर्नुपर्ने काम अन्य निर्माण व्यवसायीबाट गराएको पाईएकोले नियमको पालना गरेको पाईएन।तसर्थ नियम पालना नगरि काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाई यस्तो कार्यमा रोक लगाउनु पर्दछ । | |

| क्रस | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | अम्रेचौर आल जोडने सडक | १४३७००० | कृष्णसार कन्स्ट्रक्सन प्रालि वाँके | १४३७००० |
| २ | नाउली बुढीया चौर सडक निर्माण उ.स. | १७२८००० | दुर्गा ब.थापा मेशिन मालिक | १७२८००० |
| ३ | जाल्मा खामालेख सडक निर्माण उ.स. | ९९८५०० | रोएल एण्ड लोयल नि.से.छेडागाड न.पा. | ९६०००० |
| ४ | घडेरी सडक निर्माण उ.स. | २३०४००० | रोएल एण्ड लोयल नि.से.छेडागाड न.पा. | २३०४००० |
| ५ | घोगी बगलतारा सडक निर्माण उ स | १९१९२८८ | रोएल एण्ड लोयल नि.से.छेडागाड न.पा. | १९१७९०० |
| ६ | शेरा धाउनी सडक निर्माण उ स | १५७०९७४ | जनसेवा बुढी गण्डकि नि.से.काठमाण्डौ | १५६३७०० |
| ७ | मरपिङ्गद डडेकुला मझेरी सडक निर्माण उ स | १२४०१५० | मध्यपश्चिम निर्माण सेवा | १२४०१५० |
| ८ | नाउरी घाट धोगी रिन्टाकुरा सडक निर्माण उ स | २३९९००० | कृष्णसार कन्स्ट्रकसन | २३९९००० |
| ९ | बल्ले हाडे इर्ज सडक निर्माण उ स | ९५१२१५ | कृष्णसार कन्स्ट्रकसन | ९५१२१५ |
| १० | देउराली मथेली पुल्ला सडक निर्माण उ स | ९५९८०० | सरित कन्स्ट्रकसन | ९५९८०० |
| ११ | झिडग्रा टिकाचौर सडक निर्माण उ स | २२१५००० | रोयल एण्ड लोयल निर्माण सेवा | २२१५००० |
| १२ | मनघाट पिपलतरा अन्डरकोट सडक निर्माण उ स | ९९७४९५ | ओली निर्माण सेवा | ९९७४९५ |
| **जम्मा** | | **२०४४८४२२** | | **२०४०१२६०** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७५</td><td></td><td></td><td>
जनश्रमदान<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>उपभोक्ताले व्यहोर्ने %</th><th>कट्टी भएको रकम</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr>
<tr><td>८४।२०७९।३।२४</td><td>साल्म खानेपानी निर्माण उ स</td><td>११४२५९९</td><td>९९८०७३</td><td>१५.९८</td><td>८९६२२</td><td>६९८७०</td></tr>
</table>
</td><td>६९,८७०</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>
हेभी इक्विपमेण्टको प्रयोग<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>सिर्सेनी सागचौर सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>२४६८५००</td><td>डोजर</td><td>२४६८५००</td></tr>
<tr><td>मध्यपहाडी गैराखेत हुदै भेरीखर्क सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>१४३३५००</td><td>डोजर</td><td>१४३३५००</td></tr>
<tr><td>खरा अन्नपूर्ण आवि सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>९४५७००</td><td>डोजर</td><td>९४५७००</td></tr>
<tr><td>ठानटाकुरा रिजर्भ ट्याङ्की हुदै फुपुनठाना सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>२७८८८६०</td><td>डोजर</td><td>२७८८८६०</td></tr>
<tr><td>सरस्वती आवि देखि काडाँ साल्म सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>१४२२५२१</td><td>डोजर</td><td>१४२२५२१</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७ | | | **सम्झौता अनुसार कार्य नभएको**<br>उपभोक्ता समिति सङ्ग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । तर पालिका र मनघाट लिफ्ट सिचाई उपभोक्ता समिति बीच रु. ६९५९८७२ को कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष रु. १७६२९१६ को मात्र कार्य भएको पाईयो । सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित हुनुका साथै आ.व. २०७९।८० मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाईएन । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ । | |
| ७८ | | | **मनघाट लिफ्ट सिचाई योजनाः**<br>यस योजना अन्तर्गत खानेपानी सिचाई तथा उर्जा विकास कार्यालयबाट रु ३५ लाख र प्रदेश सरकारको रु ३० लाख गरी कूल अनुदान रकम रु ६५ लाख र श्रमदान ७१९८७२ गरी कूल लागत अनुमान रु ६९५९८७२ को बनाई वहुवर्षीय रुपमा कार्य गर्ने गरी उपभोक्ता समीती सँग मिति २०७९।२।२५ मा सम्झौता भएकोमा यस वर्ष रु १७६२९१६ को मात्र कार्य गरेको पाइयो । गत वर्षको पेश्की बाकी रु २० लाख मध्ये रु १५८०५७४ मात्र फर्स्यौट भएको भने बाकी पेश्की फर्स्यौट भएको पाइएन । फिल्ड निरिक्षण गर्दा उक्त स्थानमा काम भएको देखिएन ।आषाढ महिनामा खोलामा बाढी आई यस वर्ष मूल्यांकन भएको काम बगाएर लगेको भन्ने कार्यालयको भनाई रहेको छ । पालिकाले उपभोक्ता समीतिसँग आर्थिक वर्षको अन्त्यमा सम्झौता गर्ने र उपभोक्ता समितिले पनि समयमै कार्य नगरी वर्षातको समयमै कार्य गरेको कारण यस्तो भएको भन्ने स्थानीयको भनाई रहेको छ । उपभोक्ता समीतिले खोला किनारमै टंकी बनाउदा जगाको छनौट कार्य ध्यानपूर्वक गरेको पाइएन । यस वर्षको मूल्यांकन बराबरको काम पुनः निर्माण गर्नुपर्ने स्थिति फिल्ड निरिक्षणबाट देखिन्छ । यसरी प्रदेश सरकारबाट आएको अनुदान रकमबाट योजना छनौट र निर्माण गर्दा संयमित नहुने तथा योजना छनौटमा संलग्न योजना प्रमुख, कार्यालय प्रमुख, उपभोक्ता समितिका पदाधिकारी तथा भुक्तानी दिने सम्पूर्णलाई जिम्मेवार बनाउदै यस सम्बन्धमा आवश्यक छानविन गरी बाकी रकमबाट उक्त कार्य समयमै सम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु | १,५८०,५७४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९</td><td></td><td></td><td>

**घटी करकट्टी**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेको, घटी कट्टी गरेको र कट्टी गरेकोमा पनि दाखिला नगरेकोले असुल एवं दाखिला गर्नुपर्ने रु

<table>
<tr><th>भौ नं मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम</th><th>हुने कर रकम</th><th>कट्टी कर रकम</th><th>नपुग कर रकम</th></tr>
<tr><td>४९।०७८।१०।३</td><td>सडक निर्माण उ.स.मार्फत डोजर प्रयोग</td><td>दुर्गा बहादुर थापामेशिन धनि</td><td>१७२८०००</td><td>२५९२००</td><td>६९१२०</td><td>१९००८०</td></tr>
<tr><td>२०८।०७९।१।२२</td><td>लक्ष्मी प्रा.वि.भवन निर्माण</td><td>सन्तोष निर्माण सेवा जाजरकोट</td><td>३००००००</td><td>३९८२३</td><td>२६५४९</td><td>१३२७४</td></tr>
<tr><td>२९८।०७९।३।२४</td><td>कन्टेन्जेन्सी खर्च</td><td>गाडी भाडा विभिन्न</td><td>१९२५००</td><td>१९२५०</td><td>००</td><td>१९२५०</td></tr>
<tr><td></td><td>छपाई<br>सवारी साधन मर्मत</td><td>भवानी छापाखाना सुर्खेत<br>किरण अटो पार्टस सल्यान</td><td>३१८६६०<br>२४४१७७</td><td>४२३०<br>३६६३</td><td>००<br>००</td><td>४२३०<br>३६६३</td></tr>
</table>

</td><td>२३०,४९७</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>

**पैराखोला झो पू निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ ।पालिकाबाट सञ्चालित पैराखोला झो पू निर्माणका लागि यस पालिकाबाट कुल लागत अनुमान रु.७४०७५३०६ बनाई मिति २०७७।१२।५ मा सम्झौता भई २०७८।३।३० मा कार्यसम्पन्न गर्ने उल्लेख भएकोमा पालिकाले निर्णय गरी उक्त कार्यको म्याद थप २०७९।३।२३ सम्म गर्दापनि कार्यसम्पन्न भएको पाइएन । यस वर्ष १५४।३।२३ बाट रु ११७८८१९ भुक्तानी भएकोमा हालसम्म पनि उक्त कार्य अधुरो नै रहेकोले समयमै कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

</td><td>१,१७८,८१९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१ | | | **जटिलसंरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८७।२०७९।३।२५ | मनघाट लिफ्ट सिचाई उ स | लिफ्ट सिचाई | १५८०५७४ |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८२</td><td></td><td></td><td>
डीपीआर खर्च<br>
बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।
<table>
<tr><th>क्रस</th><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत (अनिवार्य उल्लेख गर्नुपर्ने)</th></tr>
<tr><td>१</td><td>वडा कार्यलय भवन</td><td>नेप डेभलोष इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>५०००००</td><td>४९९४६०</td><td>२३७३२१२०</td></tr>
<tr><td>२</td><td>वडा कार्यलय भवन</td><td>सफल इन्जिनियरिङ्ग एण्ड एस.एस. सेवा प्रदायक प्रालि</td><td>५०००००</td><td>४९९४६०</td><td>२३८३२३२०</td></tr>
<tr><td>३</td><td>मनघाट पिपलतरा अन्दरकोट सडक निमार्ण</td><td>एलाईट इन्जिनियरिङ सोलुसन्स प्रा.लि.</td><td>२००००००</td><td>१९९९५४०</td><td>१०२५६२६६१०</td></tr>
<tr><td>४</td><td>मनघाट सिरसेनी मध्य पहाडी सडक स्तरउन्नती</td><td>वाईड रेन्ज इन्जिनियरिङ सोलुसन्स प्रा.लि.</td><td>२००००००</td><td>१९९९५४०</td><td>१०८३७३८३२५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५००००००</td><td>४९९८०००</td><td></td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८३</td><td></td><td></td><td>

**डी.पि.आर खर्च भुक्तानीमा कन्सल्टीङ शुल्कः-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयारी सम्वन्धी उल्लेख छ।सोहि नियमको उपनियम (४) मा त्यसरी लागत अनुमान तयार गर्दा अनुसुचि १(क) को ढाँचामा तयार गर्नुपर्ने भन्ने छ।सो नियम तथा अनुसुचीमा परामर्श सेवाको लागत अनुमान तयार गर्दा ओभरहेड,कन्सल्टिङ फी राख्न पाउने व्यवस्था रहेको छैन।पालिकाले तपशिल बमोजिमको कामको डीपीआर तयार गरेको भनी भुक्तानी गरेकोमा सम्वन्धितले पेश गरेको लागत अनुमानमा कन्सल्टीङ फी वापत १५ प्रतिशत थप गरेको पाईयो।नियमानुसार त्यसरी कन्सल्टीङ फी राख्न नपाउने देखिएकोले कन्सल्टीङ फी वापत भुक्तानी भएको रकम अशुल गर्नुपर्ने रु.

<table>
<tr><th>भौनं मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पार्टी</th><th>भुक्तानी रकम</th><th>कन्सल्टीङ फी</th></tr>
<tr><td>१३५।०७८।१२।७</td><td>मनघाट सिर्सेनी सडक डी.पी.आर</td><td>एलाईट इन्जीनियरिङ सोलुसन प्रा.लि वानेश्वर काठमाण्डौ</td><td>१९९९२८०।००</td><td>२३०८३५।००</td></tr>
<tr><td>१२३।०७८।११।२६</td><td>खारा पिपलतारा सडक डी.पी.आर</td><td>एलाईट इन्जीनियरिङ सोलुसन प्रा.लि वानेश्वर काठमाण्डौ</td><td>१९९९५४०।००</td><td>२३०८०५।००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>४६१६४०।००</td></tr>
</table>

</td><td>४६१,६४०</td></tr>
<tr><td>८४</td><td></td><td></td><td>

**रितपूर्बकको कर बिजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यवसायीबाट मु.अ.कर रु.२६२५८२।०० समेत रु.२२८२४३९।०० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>१२३।०७८।११।२६</td><td>एलाईट इन्जीनियरिङ सोलुसन वानेश्वर काठमाण्डौ</td><td>६०६७६९१४७</td><td>फोटो कपि विजक</td><td>१९९९५४०</td><td>२३००३६</td></tr>
<tr><td>नगरपालिका स्वास्थ्य</td><td>किरण अटो पार्ट्स</td><td>३०४४३२८८६</td><td>विजक नं हातले लेखेको</td><td>२८२८९९</td><td>३२५४६</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२८२४३९</td><td>२६२५८२</td></tr>
</table>

</td><td>२६२,५८२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८५</td><td></td><td></td><td>बिल भरपाई नभएको<br>अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको खर्चको भुक्तानीमा विल भरपाई वेगर गरेकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरि दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं/मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३।२०७८।६।२४</td><td>त्रिवेणी सहकारी संस्था लि को कार्यक्रम खर्च रु५०००००।०० को पेश्की फर्स्योटमा विल भरपाई पेश भएको नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>५०००००</td></tr>
<tr><td>३७।२०७९।२।२०</td><td>शितल एग्रोभेट ट्रेडिङ्ग सेन्टरबाट औषधि खरिद वापत रकम रु३८४९३१।०० भुक्तानीमा खर्चको विल भरपाई पेश भएको नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>३८४९३१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८८४९३१</td></tr>
</table></td><td>८८४,९३१</td></tr>
<tr><td>८६</td><td></td><td></td><td>लागत सहभागिता<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित पालिकाको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>परामर्श सेवा<br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.४९९८०००।०० खर्च लेखेको पाइयो । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>सार्वजनिक परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम पालिकाले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८९ | | | **डोजर, लोडर, एक्साभेटर मर्मत :**<br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.७७३६२७।०० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु.२५००००।०० मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।<br>सि.नं. \| मेशिनरी \| संख्या \| मर्मत तथा ईन्धन रकम \| आम्दानी रकम<br>१ \| ब्यक्कु लोडर \| १ \| ७७३६२७ \| २५००००।०० | |
| ९० | | | **सामाजिक सुरक्षातर्फ**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा निम्नअनुसार व्यहोराहरु देखिएका छनः | |
| ९०.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण अनुसार बैक मार्फत रु ९००००० फिर्ता गर्नुपर्ने देखिएको छ । पालिकाले कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ । | |
| ९०.२ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदा १३ मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक पालिकाले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्ने भन्ने छ ।पालिकाले नियममा भएको व्यवस्था अनुसार सामाजिक सुरक्षा पाउने लाभग्राहीको विवरण उक्त सुचना प्रणालीमा पूर्ण रुपमा प्रविष्ट गरेको पाईएन।सबै लाभग्राहीको विवरण सुचना प्रणालीमा प्रविष्ट गरी यथार्त लगत कायम गर्नुपर्ने देखिएको छ। | |
| ९०.३ | | | पालिकाले यस आवमा सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । साथै पालिकाले मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि पेश भएको छैन। गत बर्षसम्मको बाँकी बेरुजु तथा यो वर्ष कायम भएकव समेत वाँकि बेरुजु निम्नानुसार रहेको छ । रु.हजारमा | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ८६३३० | ० | ८६३३० |

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ८६३३० | ० | **१०११७४** | **००** | १८७५०४ |

https://nams.oag.gov.np